

# नेपालका स्थानीय तहहरूमा जलवायु तथा विपद् बजेटको विश्लेषण

OXFAM

© अक्सफाम नेपाल २०२६

इन्भाइरनमेन्ट एण्ड इन्जिनियरिङ रिसर्च सेन्टर (EERC) सँगको सहकार्यमा सञ्चालित अनुसन्धानबाट प्राप्त यो संक्षिप्त प्रतिवेदन विवेक कार्की र अञ्जिल अधिकारीले तयार पारेका हुन् । यसको प्रकाशनमा EERC का मधुसुदन गौतम, टिकेश्वरी जोशी, अशेष श्रेष्ठ, राजु थापा, तारा आले मगर, जेनिस व्यञ्जनकार र अजय श्रेष्ठ लगायतको सहयोगका लागि अक्सफाम हार्दिक आभार व्यक्त गर्दछ ।

यस प्रतिवेदनमा उठाइएका विषयवस्तुहरु सम्बन्धी थप जानकारीका लागि कृपया bkarki@oxfam.org.uk मा इमेल गर्नुहोस् ।

यस प्रकाशनको प्रतिलिपि सुरक्षित गरिएको भएता पनि पूर्ण रूपमा स्रोत खुलाएको खण्डमा यसमा रहेका सामग्रीहरु वहस-पैरवी, अभियान, शैक्षिक र अनुसन्धान प्रयोजनका लागि प्रयोग गर्न सकिने छ । सामग्रीको त्यस्तो प्रयोगको प्रभाव मूल्याङ्कन गर्नका लागि सम्बन्धित सम्पूर्ण विवरण प्रतिलिपि अधिकारधनी समक्ष दर्ता गराउन अनुरोध गरिन्छ । अन्य अवस्थामा मूल प्रतिको नक्कल, पुनः प्रयोग, अनुवाद वा परिमार्जन गर्नका लागि अनिवार्य रूपमा स्वीकृति लिनु पर्नेछ र यसका लागि शुल्कसमेत लाग्न सक्ने छ ।

**सन्दर्भ सामग्री :**
Karki B., Adhikari A., Oxfam in Nepal, 2026. Tracking and Analysing the Climate and Disaster Finance at Local Levels of Nepal. Kathmandu, Nepal

**आवरण तस्बिरः** किशोर शर्मा, अक्सफाम नेपाल

# १. पृष्ठभूमि

स्थानीय तहमा जलवायु तथा विपद् बजेटको विशेष महत्व हुन्छ । यसले नीतिगत अधिकारको कार्यान्वयन, सार्वजनिक सेवा प्रवाह, जोखिमको प्रत्यक्ष अनुभूति र अनुकूलन एवं जोखिम न्यूनीकरणका निर्णयहरूलाई मूर्तरूप दिने कार्य गर्दछ । स्थानीय सरकारहरूसँग जलवायु र विपद् जोखिम न्यूनीकरणको संवैधानिक तथा कानुनी जिम्मेवारी भएता पनि वित्तीय क्षेत्रको सीमितता, न्यून स्रोत-साधन तथा क्षमता, खण्डिकृत तथ्याङ्क प्रणाली एवं कमजोर बजेट लेखाजोखा परिपाटीका बीच सञ्चालित छन् । यसले बजेटमा रकम देखिने तर उत्थानशीलतामा त्यसको वास्तविक योगदान प्रायः अस्पष्ट रहने र तिनको विश्लेषण नहुने भएकाले सुशासनमा गम्भीर समस्या निम्त्याउँछ ।

यस संक्षिप्त प्रतिवेदनले नीति-निर्माताहरूका लागि उपयोगी हुने गरी अनुसन्धानको मुख्य निष्कर्षहरूलाई दर्शाएको छ । यसले स्थानीय स्तरमा जलवायु र विपद् वित्तलाई पर्याप्त प्राथमिकता दिए-नदिएको, यसको परिचालन कसरी भइरहेको छ र सार्वजनिक वित्तमार्फत कसरी थप सुदृढ एवं समतामूलक उत्थानशीलता हासिल गर्न सकिन्छ भनी आवश्यक परिवर्तनहरूमाथि केन्द्रित रहेर विश्लेषण गरेको छ ।

# २. उद्देश्य

यस अध्ययनका नीतिगत रूपमा अत्यन्त सान्दर्भिक निष्कर्षहरूलाई संक्षिप्त रूपमा प्रस्तुत गर्नुका साथै स्थानीय स्तरमा जलवायु तथा विपद् सम्बन्धी बजेटको उपयोगलाई जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलताका लागि अझ पारदर्शी, रणनीतिक र प्रभावकारी बनाउन आवश्यक सुधारहरु पहिचान गर्नु यसको उद्देश्य रहेको छ ।

# ३. अनुसन्धान विधि

यस अध्ययनमा मिश्रित विधि प्रयोग गरिएको थियो । परिमाणात्मक विधि अनुरूप यसले सुत्र (SuTRA)[१] प्रणाली मार्फत वार्षिक बजेट तथ्याङ्कको समीक्षा गरेको थियो भने विशेष कोडिङ खाका[२] प्रयोग गरी जलवायु तथा विपद् सम्बद्ध क्रियाकलापहरूको वर्गीकरण गरेको थियो । उक्त विश्लेषणले हिमाल, पहाड र तराई क्षेत्रको प्रतिनिधित्व गर्ने पाँचवटा नमुना पालिकाहरूमा बजेट विनियोजन, खर्च, क्षेत्रगत वितरण, आयोजनाको आकार, वित्तीय स्रोत र बजेट कार्यान्वयनको समयावधिलाई केलाएको थियो ।

गुणात्मक विधि अनुरूप यस अध्ययनले सरोकारवालाहरूसँग अन्तर्वार्ता र बजेट विनियोजन गरिएका योजनाहरूको स्थलगत अवलोकनमा आधारित रही वित्तीय एवं बजेट सम्बन्धी ढाँचाहरूले उत्थानशीलताका क्षेत्रमा अर्थपूर्ण परिणाम दिन सके-नसकेको तथ्य परीक्षण गरेको थियो ।

---

१. नेपालमा 'सुत्र' (SuTRA) भन्नाले सबनेसनल ट्रेजरी रेगुलेटरी एप्लिकेसन भन्ने बुझिन्छ । यो स्थानीय तथा प्रदेश सरकारहरूको बजेट तर्जुमा र सञ्चालित योजनाहरूको लेखा प्रणाली व्यवस्थापनका लागि विकास गरिएको अनलाइन पोर्टलमा आधारित सार्वजनिक वित्त व्यवस्थापन प्रणाली हो ।

२. यसका लागि स्थानीय तहमा जलवायु तथा विपद् सम्बन्धी वित्त प्रवाहलाई प्रणालीगत रूपमा बजेट कोडिङ गर्ने व्यवस्थित संयन्त्रको सीमितताका बीच यस अध्ययनले कार्य स्तरमै गएर बजेट कोडिङका लागि आवश्यक मापदण्डहरु विकास गरेको छ ।

# ४. मुख्य निष्कर्षहरू


## निष्कर्ष १ : धेरै बजेट विनियोजनले मात्र कार्यान्वयन बलियो हुन्छ भन्ने हुँदैन

अध्ययनमा संलग्न वा नमुनाका रूपमा लिइएका स्थानीय पालिकाहरूको कुल बजेटको ७ प्रतिशत हिस्सा मात्र जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका लागि छुट्याइएकोमा उक्त बजेटको पनि ६४ प्रतिशत हिस्सा मात्र खर्च भएको पाइयो । यसको अर्थ, समग्रमा हेर्दा **पालिकाहरूको कुल बजेटको ४.७६ प्रतिशत** हिस्सा मात्र जलवायु तथा विपद् सम्बन्धी कार्यहरूमा प्रभावकारी रूपमा उपयोग भएको देखिन्छ ।

यसको मुख्य सन्देश भनेको बजेट उच्च विनियोजन हुँदैमा प्रभावकारी कार्यान्वयन वा खर्चको अवस्था स्वतः सुधार हुन्छ भन्ने हुँदैन । उदाहरणका लागि, चन्द्रपुरले तुलनात्मक रूपमा बजेटको ठूलो हिस्सा जलवायु र विपद्का प्राथमिकतामा विनियोजन गरे तापनि खर्चको अवस्था कमजोर देखिन्छ । यसले समस्या स्रोत-साधनको अभाव मात्र नभएर तिनको उपयोगमा संस्थागत र कार्यान्वयन सम्बन्धी अवरोधहरु हुन् भन्ने कुरालाई औंल्याउँछ ।

समग्रमा यी निष्कर्षहरूले मुख्य चुनौती बजेट विनियोजनको आकार वा तह मात्र नभएर विनियोजित बजेटलाई समयमै प्रभावकारी लगानीमा रूपान्तरण र कार्यान्वयन गर्ने स्थानीय सरकारहरूको क्षमता पनि हो भन्ने कुरालाई इङ्गित गर्छन् ।

**अध्ययन गरिएका स्थानीय पालिकाहरूको जलवायु तथा विपद् बजेट विनियोजन र कार्यान्वयनको वास्तविकता**



## निष्कर्ष २ : वित्तीय स्रोतको समिश्रण संरचित वित्तीय हस्तान्तरण उन्मुख

उल्लेखीत चित्रले जलवायु तथा विपद् बजेट बिस्तारै अनियमित नगद अनुदानमा भारी निर्भरता हट्दै, मिश्रित राजश्व स्रोत, समानीकरण अनुदान, ससर्त अनुदान तथा राजश्व विभाजन थप संरचित, यद्यपी असमान, मिश्रणतर्फ अघि बढी रहेको संकेत गर्दछ । उदाहरणका लागि, भीमदत्त र दुल्लु नगरपालिका प्रारम्भमा नगद अनुदान निर्भरताबाट समानीकरण र ससर्त अनुदान तर्फ उन्मुख देखिन्छन् । यस सन्दर्भमा चन्द्रपुर नगरपालिका आफ्नै स्रोत बजेटको उल्लेखीय परिचालनको भूमिका फरक हुनुका साथै स्थानीय वित्तीयको अपनत्व बलियो भएको देखिन्छ । अर्कोतर्फ, गुजरा नगरपालिकाको आन्तरिक आम्दानीमा केही सुधार आएको भए पनि वित्तीय समानीकरण अनुदानमै बढी निर्भर रहनु परेको देखिन्छ । समग्रमा उल्लेखित चित्रले समयक्रमसँगै पालिकाहरूको जलवायु तथा विपद् बजेटका स्रोतहरूमा विविधिकरण हुँदै गरेको संकेत गर्छ । यद्यपि, यो सुधार सबैतिर एकैनासको छैन र अझै पनि कतिपय पालिकाहरु बजेटका लागि कुनै एउटा मुख्य स्रोतमा मात्र निर्भर रहनुपर्ने जोखिममा छन् ।


### स्थानीय तहको जलवायु तथा विपद् बजेटका स्रोतहरू: बनावट र विविधता प्रवृत्ति



## निष्कर्ष ३ : बजेटको खर्च, भौतिक पूर्वाधारमा बढी केन्द्रित रहँदा सुशासन र संस्थागत व्यवस्थापनको पाटोमा नगन्य

अध्ययन गरिएका पालिकाहरूमा जलवायु तथा विपद्सँग सम्बन्धित कुल बजेटको ६४.०६ प्रतिशत हिस्सा भौतिक पूर्वाधारले मात्र ओगटेको देखिन्छ । आर्थिक विकासमा १७.३ प्रतिशत बजेट विनियोजन भएको छ भने वन, वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्रमा जम्मा १४.९५ प्रतिशत बजेट छुट्ट्याइएको छ । यसको ठीक विपरीत, सुशासन, संस्थागत सुदृढीकरण र प्रणालीगत क्षमता विकास जस्ता क्षेत्रहरूमा भने एकदमै कम वा नगन्य मात्र बजेट विनियोजन भएको देखिन्छ ।


यो उत्थानशीलता भौतिक पूर्वाधार वा संरचनाहरु बनाएर मात्र हुँदैन भन्ने अर्थमा पनि महत्वपूर्ण रहेको छ । यो योजना निर्माण, पूर्वतयारी, मर्मत-सम्भार, जनशक्ति व्यवस्थापन, जवाफदेहीता रसंरचनाहरूलाई निरन्तर कार्यशिल राख्ने समग्र सामुदायिक प्रणालीहरूमा समेत निर्भर गर्दछ । सुशासन र संस्थागत प्रणालीमा पर्याप्त लगानी बिना पूर्वाधारमा मात्रै गरिने लगानीहरू कमजोर तथा बिना उपलब्धी रहने जोखिम रहन्छन् ।



## **निष्कर्ष ४ :** जलवायु तथा विपद् सम्बन्धी बजेट मूलतः पानीसँग सम्बन्धित विषयगत क्षेत्रहरूमा केन्द्रित


अध्ययनमा संलग्न स्थानीय पालिकाहरूमा जलवायु तथा विपद्सम्बन्धी बजेट मुख्य रूपमा पानीसँग सम्बन्धित विषयगत उप-क्षेत्रहरूमा मात्र कन्द्रित देखिन्छ । खासगरी जलस्रोत, सिँचाइ र खानेपानी तथा सरसफाइ क्षेत्रले मात्रै कुल विनियोजित बजेटको झण्डै आधा हिस्सा ओगटेका छन् । त्यसै गरि कृषि तथा खाद्य सुरक्षा दोस्रो प्राथमिकताको क्षेत्रका रूपमा देखिएको छ । यसले स्थानीय तहको बजेट विनियोजन अझै पनि जीविकोपार्जन र आधारभूत दैनिक सेवा प्रवाह र प्रत्यक्ष देखिने पूर्वाधारहरूकै पक्षमा उन्मुख छ भन्ने तथ्यलाई प्रस्ट्याएको छ ।

**जलवायु तथा विपद् वित्तमा पानीसँग सम्बन्धित क्षेत्रहरू अग्रपंक्तिमा भए पनि कृषि र ग्रामीण विकासले पनि महत्त्वपूर्ण भूमिका खेलेका छन्**



## निष्कर्ष ५ : पालिकाहरूको लगानी टुक्रे योजनाहरूमा बाँडिएको


सँगैको चित्रले पालिकाहरूको जलवायु तथा विपद् सम्बन्धी कार्यक्रमहरूमा साना र टुक्रे आयोजनाहरूको वर्चस्व रहेको देखाउँछ । यसले स्थानीय पालिकाहरूमा लगानी छरपस्ट र खण्डीकृत भएको संकेत गर्छ । यो अवस्था चन्द्रपुर, भीमदत्त र दुल्लु नगरपालिकाहरूमा थप प्रस्ट देखिन्छ जहाँ जलवायुसँग जोडिएका अधिकांश कार्यक्रमहरु साना बजेट श्रेणी अन्तर्गत पर्दछन् । गुजरा नगरपालिकामा साना र ठूला दुवै खाले आयोजनाहरूको सन्तुलन देखिन्छ भने पाँचपोखरी थाङ्पाल गाउँपालिकामा तुलनात्मक रूपमा ठूला र गौरवका आयोजनाहरूको हिस्सा मनग्गे रहेको पाइन्छ । समग्र ढाँचालाई हेर्दा जलवायु तथा विपद् सम्बन्धी बजेटलाई ठुला, रणनीतिक र प्रभावकारी लगानीमा केन्द्रित गर्नुको सट्टा स-साना कार्यक्रमहरूमा छरिएको पाइयो । नीतिगत दृष्टिकोणबाट हेर्दा यसले स्थानीय तहको जलवायु तथा विपद् सम्बन्धी खर्चले ठुलो आकार लिन सकोस्, योजनाहरूमा एकरूपता आओस् र उत्थानशीलताका क्षेत्रमा दिगो नतिजा हासिल गर्न सम्भव होस् भन्नका लागि आयोजनाहरूलाई जोड्ने, बहुवर्षीय योजना तर्जुमा गर्ने र थप एकीकृत वित्तीय रणनीतिहरु अपनाउनुपर्ने आवश्यकतालाई औंल्याउँछ ।



## **निष्कर्ष ६ :** आर्थिक वर्षको उत्तरार्द्धमा हुने बजेट निकासा र खर्चको प्रभावकारिता बीचको सम्बन्ध सबै स्थानीय तहहरूमा समान छैनन्

उल्लेखित चित्रमा तेस्रो र चौथो त्रैमासमा जलवायु तथा विपद् सम्बन्धी यथेष्ट बजेट विनियोजन हुँदैमा खर्चको प्रभावकारिता त्यसरी नै बढ्छ भन्ने हुँदैन भन्ने संकेत गदर्छ । केही स्थानीय तहले ढिलो गरी तेस्रो र चौथो त्रैमासमा आएको बजेटलाई समेत राम्रोसँग उपयोग गरेर उच्च खर्च प्रगति हासिल गरेका छन् भने कतिपय पालिकाहरूमा वर्षको अन्त्यतिर ठूलो बजेट निकासा हुंदा पनि खर्चको प्रभावकारिता न्यून नै देखिन्छ । यसले बजेट निकासा हुने समय महत्वपूर्ण भएको देखाउँछ तर नतिजा निर्धारण गर्ने यो एकमात्र कडी भने होइन । यो प्रवृत्ति यस प्रतिवेदनको मूल सारसँग मिल्न जान्छ जसअनुसार खर्चको प्रगति बजेट विनियोजन कति भयो भन्नेमा मात्र नभएर पालिकाहरूको कार्यान्वयन क्षमता, खरिद तयारी र विनियोजित बजेटलाई समयमै काममा रूपान्तरण गर्न सक्ने दक्षतामा निर्भर गर्दछ ।

**तेस्रो र चौंथो त्रैमासमाहुने बजेट निकासको हिस्सा र खर्च कार्यक्षमता बीचको सम्बन्ध**




## **निष्कर्ष ७ :** जलवायु र विपद् वित्तको प्रभावकारिता

स्थलगत अनुगमनले जलवायु तथा विपद् बजेटले नदी नियन्त्रणका लागि तटबन्ध निर्माण, जैविक प्रविधि, सिँचाइ पोखरी, पूर्वसूचना प्रणाली र सामुदायिक पूर्वतयारी जस्ता महत्त्वपूर्ण कार्यहरूमा प्रत्यक्ष सहयोग पुर्‍याएको देखाएको छ । यी लगानीहरूले पहिरो रोकथाम, खानेपानी तथा सिँचाइको सुनिश्चितता, जीविकोपार्जनमा सुधार र कतिपय अवस्थामा ठुला बाढीका बेला हुन सक्ने मानवीय क्षतिमा कमी जस्ता उत्थानशीलताका क्षेत्रमा प्रत्यक्ष र सकारात्मक नतिजाहरू पनि देखाएका छन् । तर योजनाहरू टुक्रा-टुक्रामा छरिनु, अल्पकालीन वित्त व्यवस्थापन, बजेट निकासामा ढिलासुस्ती, कमजोर प्राविधिक डिजाइन, सीमित संस्थागत क्षमता र फितलो अनुगमन जस्ता समस्याहरूले गर्दा यी कार्यक्रमहरूको दीर्घकालीन प्रभावकारिता अझै पनि खुम्चिएको देखिन्छ । साथै, जोखिमका आधारमा प्राथमिकता तय गर्नुको सट्टा कतिपय अवस्थामा राजनीतिक प्रभाव हाबी

हुने प्रवृत्तिस्वरूप सुशासनको अभाव र समतामुलक न्याय हुन नसक्दा यी कार्यक्रमहरूको प्रभाव अझ घटेको देखिन्छ । अतः बजेट र कार्यक्रमहरु भूमिहीन परिवार, दलित, जनजाति, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरु जस्ता जोखिममा रहेका लक्षित समूहहरूसम्म निरन्तर रूपमा पुग्न सकेका छैनन् । समग्रमा जलवायु तथा विपद् बजेटले स्थानीय स्तरमा केही सकारात्मक परिवर्तन ल्याएको भए पनि यसबाट अझ उत्कृष्ट नतिजा हासिल गर्नका लागि आयोजनाहरूलाई एकीकृत र जोखिमका आधारमा तय गर्न आवश्यक छ । प्राविधिक गुणस्तरमा सुधार, समयमै बजेट निकासा, बलियो संस्थागत संरचना र उन्नत समावेशी शासन प्रणालीको विकास गर्न पनि आवश्यक देखिन्छ ।

# ५. व्याख्या तथा विश्लेषण

## नीतिगत सुधारका लागि प्राप्त प्रमाणहरूले औंल्याएका पाटाहरू

> वास्तविक नीतिगत समस्या स्थानीय बजेटमा पैसा भित्रिन्छ वा भित्रिदैन भन्ने होइन । उक्त बजेटलाई जलवायु र विपद्को उच्च जोखिममा रहेका नागरिकहरूका लागि एकरूपता, जोखिममा आधारित र जवाफदेही उत्थानशीलताका ठोस नतिजाहरु हासिल गर्न सकिन्छ/सकिदैन भन्ने हो ।

पहिलो कुरा, नेपालका स्थानीय तहहरूमा जलवायु तथा विपद् व्यवस्थापन सम्बन्धी बजेटको मुख्य चुनौती भनेकै मूलभूत रूपमा सार्वजनिक व्यवस्थापनको कमजोरी हो । यो समस्या बजेटको अभावले मात्र सिर्जना भएको नभई बजेटको फितलो कार्यान्वयन, टुक्राहरूमा छरिएका कार्यक्रमहरु, दक्ष जनशक्तिको कमी र कमजोर संस्थागत लगानीका कारण उत्पन्न भएको हो भन्ने कुरा प्राप्त तथ्य र प्रमाणहरूले छर्लङ्ग पारेका छन् । अतः स्थानीय तहको जलवायु तथा विपद् बजेटको सही सदुपयोग गर्न योजना तर्जुमा, बजेट र खर्चको लेखाजोखा, खरदि प्रक्रिया, कार्यान्वयन र सार्वजनिक जवाफदेहीताका प्रणालीहरूलाई अझ बलियो बनाउन आवश्यक छ ।

दोस्रो, हालको खर्चको ढाँचा भौतिक पूर्वाधार वा संरचनाहरु निर्माणमा केन्द्रित देखिन्छ जसले ती संरचनाहरूलाई टिकाउने र उत्थानशील बनाउने प्रणालीगत पाटोलाई उपेक्षा गरेको पाइन्छ । भौतिक पूर्वाधार निर्माण राजनीतिक रूपमा तत्कालै प्रत्यक्ष देखिने हुन सक्छ तर वास्तविक उत्थानशीलता यसको सञ्चालन तथा मर्मतसम्भार, जनशक्ति व्यवस्थापन, आपत्कालीन पूर्वतयारी, जोखिममा आधारित प्राविधिक डिजाइन, निरन्तर अनुगमन र समावेशी स्थानीय शासन प्रणालीमा समेत उत्तिकै निर्भर रहन्छ । विडम्बना स्वरूप पालिकाहरूको विद्यमान बजेट विनीयोजन अत्यन्त कमजोर र न्यून भएका क्षेत्रहरू पनि यिनै हुन् ।

तेस्रो, हाल सञ्चालित आयोजनाहरूको प्रकृति र मिश्रणलाई हेर्दा स्थानीय तहहरूले दीर्घकालीन उत्थानशीलतामा भन्दा पनि तत्काल देखिने लोकप्रिय कामलाई प्राथमिकता दिइरहेको पाइन्छ । धेरैस-साना योजनाहरूले तत्कालीन राजनीतिक दबाब र मागलाई धान्न त सक्छन् तर तिनले दीर्घकालीन रूपमा जोखिम न्यूनीकरणका लागि आवश्यक पर्ने ठुला बजेट, प्राविधिक गहिराइ वा योजनाको दिगो सञ्चालनलाई मजबूत बनाउन सक्दैनन् । यसले गर्दा समग्र उत्थानशीलतालाई एकीकृत बनाउनुको सट्टा, बजेट र कार्यक्रमहरु छरपस्ट पार्ने प्रवृत्तिलाई प्रश्रय मिलेको देखिन्छ ।

चौथो, थप व्यवस्थित अनुदान तथा वित्तीय प्रणालीतर्फ उन्मूख भइरहेको परिवर्तनले नीतिगत सुधारका लागि सुनौलो अवसर सिर्जना गरेको छ । वित्तीय समानीकरण र ससर्त अनुदानको महत्व दिनानुदिन बढ्दै गइरहेको परिप्रेक्ष्यमा सरकारले अनुदानको संरचना, बजेट लेखाजोखा र कार्यसम्पादनमा आधारित सर्तहरूलाई औजारका रूपमा प्रयोग गर्न सक्छ । सरकारले यी माध्यमबाट प्रभावकारी योजना तर्जुमा गर्ने, बजेटको सही सदुपयोग गर्ने र पारदर्शी रूपमा विवरण बुझाउने पालिकाहरूलाई पुरस्कृत/प्रोत्साहित गर्न सक्छ ।

# ६. सुझावहरू

## नीतिगत सुधारका पक्षहरू

प्राप्त प्रमाण र निष्कर्षहरूले अबको सुधारको कार्यदिशा अमूर्त वा सैद्धान्तिक होइन, व्यावहारिक हुन आवश्यक रहेको औंल्याउँछन् । नेपाललाई कागजीरूपमा मात्र विशाल देखिने जलवायु तथा विपद् सम्बन्धी बजेट चाहिएको होइन । स्थानीय तहमा जलवायु सम्बन्धी खर्चलाई स्पष्ट रूपमा पहिचान गर्न सकिने, सही योजनाहरूमा बजेट सुरक्षित र उपलब्ध स्रोत-साधनलाई दिगो उत्थानशीलताका ठोस नतिजाहरूमा रूपान्तरण गर्न सकिने खाले सार्वजनिक वित्त प्रणालीको आवश्यकता छ ।

**स्थानीय सार्वजनिक वित्त प्रणालीमा जलवायु तथा विपद् बजेट ट्यागिङ संस्थागत गर्ने**

सरकारले जलवायु तथा विपद् सम्बन्धी कार्यक्रमहरूलाई हचुवाका आधारमा पहिचान गर्ने परिपाटीको अन्त्य गर्नुपर्छ । यसको सट्टा राष्ट्रिय बजेट प्रणालीमै निश्चित र मानक ट्यागिङ कार्यविधि समावेश गरिनुपर्छ । यसो गर्दा सबै पालिकाहरूमा विनियोजित बजेट, वास्तविक खर्च र त्यसबाट प्राप्त नतिजाहरूको निरन्तर र एकरूपताका साथ लेखाजोखा गर्न सम्भव हुन्छ ।

**वर्षेनी गरिने स-साना र छरपस्ट कामहरूलाई बहुवर्षीय तथा जोखिममा आधारित एकीकृत उत्थानशील प्याकेजतर्फ रूपान्तरण गर्ने**

बजेट विनियोजन गर्दा साना र छरपस्ट योजनाहरूको लामो सूची तयार पार्ने प्रवृत्तिलाई निरूत्साहित गरिनुपर्छ । यसको सट्टा स्थानीय तहको योजनाको कुल लागत तथा सञ्चालन र मर्मतसम्भारको स्पष्ट खाकासँग जोडिएका वास्तविक जोखिमको तथ्य र प्रमाणका आधारमा निश्चित, ठुला र प्राविधिक मूल्याङ्कन गरिएका आयोजनाहरूलाई प्राथमिकता दिनुपर्छ ।

**आवश्यक पूर्वतयारी, मर्मतसम्भार र सुशासनका लागि चालु खर्च सुरक्षित गर्ने**

स्थानीय स्तरमा पूँजीगत खर्चबाट मात्रै उत्थानशीलताको विकास गर्न सम्भव छैन । त्यसैले पालिकाहरूको बजेटमा आवश्यक जनशक्ति व्यवस्थापन, योजना तर्जुमा, नियमित अनुगमन, आपत्कालीन पूर्वतयारी, खानेपानी तथा सिँचाइ सुरक्षा, निर्मित संरचनाहरूको मर्मतसम्भार र सार्वजनिक जवाफदेहीताका प्रणालीहरु सुदृढ गर्नका लागि अनिवार्य रूपमा बजेट सुरक्षित गर्नुपर्छ ।

**बजेट विनियोजनको परिमाणलाई मात्र नभई कार्यसम्पादनको गुणस्तरलाई प्रोत्साहित गर्ने वित्तीय प्रणाली तयार गर्ने**

वित्तीय समानीकरण र ससर्त अनुदानहरु प्रवाह गर्दा सम्बन्धित क्षेत्रको जलवायु जोखिम, आयोजनाहरूको कार्यान्वयन तत्परता र खर्चको गुणस्तरलाई प्राथमिकता दिनु आवश्यक छ । कार्यसम्पादनमा आधारित सर्तहरु लागू गरिएमा वित्तीय स्रोत-साधन औपचारिकतामा मात्र सीमित नहुने हुँदा यसले वास्तविक उत्थानशीलतालाई प्रवर्द्धन गर्न टेवा पुऱ्याउँछ ।

**स्थानीय तहमा जलवायु तथा विपद् सुशासन र अन्तर-सम्बन्धित प्रणालीहरूमा रहेको गम्भीर वित्तीय अभावलाई सम्बोधन गर्ने**

सुशासन, संस्थागत समन्वय र अन्तर-सम्बन्धित प्रणालीहरु हाल अति कम बजेट विनियोजन हुने क्षेत्रहरु हुन् । जलवायु क्षेत्रमा गरिएको लगानीले दिगो उत्थानशीलता निर्धारण गर्ने पक्षहरु पनि यिनै हुन् । अतः यी क्षेत्रहरूमा सचेत रूपमा बजेटको प्राथमिकता तोक्न जरुरी छ ।

**स्थानीय तहमा समावेशीकरण, प्राविधिक गुणस्तर र सार्वजनिक जवाफदेहीता सुदृढ गर्ने**

पालिकाहरूको जलवायु सम्बन्धी बजेटलाई थप प्रभावकारी बनाउन स्वतन्त्र प्राविधिक समीक्षा, सुदृढ खरिद प्रक्रिया, पारदर्शी सार्वजनिक प्रतिवेदन प्रणाली र वास्तविक लाभग्राहीहरूको पहिचान तथा प्रमाणीकरणका स्पष्ट नियमहरु आवश्यक हुन्छन् । यस्ता नियमहरूले भाडामा बस्ने, कम जग्गा भएका वा सीमान्तकृत परिवार र जलवायुको उच्च जोखिममा रहेका अन्य लक्षित समूहहरूलाई कार्यक्रमबाट वञ्चित गर्न हुँदैन ।

OXFAM

**अक्सफाम नेपाल**
जावलाखेल, ललितपुर-५, नेपाल
फोनः +९७७ (१) ५४३०५७४
इमेलः oxnepal@oxfam.org.uk, वेबसाइटः www.nepal.oxfam.org
www.facebook.com/OxfamInNepal | www.instagram.com/oxfaminnepal